(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १६ मितिः २०७५/१२/१७

**भाग-२**

**विराटनगर महानगरपालिका**

नगर कार्यपालिकाको मिति २०७५।०९।२३ स्वीकृति तथा नगर सभाबाट पारित गरी जारी " प्रजातन्त्र सेनानी सम्मान कार्यबिधि, २०७५"

# प्रजातन्त्र सेनानी सम्मान कार्यबिधि, २०७५

**प्रस्तावना :**

वि.सं. १९०३ देखि नेपालमा जहानिया राणा सासनको सुरुवात संगै सो को अन्तका लागि नेपालीहरुले निरन्तरको प्रतिकारबाट अन्तमा १०४ बर्षको अन्तरालमा २००७ सालमा नेपालमा प्रजातन्त्र प्राप्ति भयो । प्रजातन्त्र प्राप्तिका लागि योगदान पुर्याउने स्वतन्त्र सेनानीहरुका लागि विराटनगर महानगरपालिकाले स्वतन्त्र सेनानी पहिचान गरी पहिचान भएका प्रजातन्त्र सेनानीहरुलाई उच्च नागरीक सम्मान गर्दै मासिक प्रोत्साहन भत्ता सहित स्वास्थ्य उपचार लगायतका विविध सेवा उपलब्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी ***प्रजातन्त्र सेनानी सम्मान कार्यविधि, २०७५*** बनाएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नाम ***"प्रजातन्त्र सेनानी सम्मान कार्यविधि, २०७५ "*** रहेको छ ।

ग) यस कार्यविधिको कार्यक्षेत्र विराटनगर महानगरपालिकाभर हुनेछ ।

घ) यो कार्यविधि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठकबाट स्विकृत भई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"प्रजातन्त्र सेनानी"** भन्नाले २००७ सालमा जहानिया राणा सासनको अन्तका लागि योगदान पुर्याउने कुनैपनि नेपाली नागरिकलाई सम्झनु पर्नेछ ।

**ख)** **"सम्मान कार्यक्रम"** भन्नाले विराटनगर महानगरपालिकाले नगर सभाबाट पारित गरेको तत् तत् आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रममा उल्लेख गरिएका बजेट तथा सेवा सुविधाहरु सहज रुपमा उपलब्ध गराउने कार्यलाई सम्झनु पर्नेछ ।

**परिच्छेद २**

**छनौट प्रकृया**

**३. प्रजातन्त्र सेनानी पहिचानका प्रकृयाहरु :**

क) सार्वजनिक सुचना आब्हान,

ख) वडा कार्यालयमा निवेदन संकलन,

ग) वडा कार्यालयबाट महानगरपालिकमा सिफारिस,

घ) महानगरपालिकाले पहिचान भएका स्वतन्त्र सेनानीहरुको नामावली प्रकासन,

ङ) सेवा तथा सुविधाहरु वडा कार्यालय मार्फत वितरण

## परिच्छेद ३
## पहिचानका आधारहरु

**४. प्रजातन्त्र सेनानी पहिचानका आधारहरु :**

क) कुन स्थानमा स्वतन्त्रताको लागि लडेकोहो ?

ख) के के कृयाकलापहरु गरेर ?

ग) कति अवधिसम्म स्वतन्त्रताका लागि लडको ?

घ) स्वतन्त्रताका लागि लडदाको नेतृत्वकर्ता को को थिए ?

ङ) विभिन्न अवधिमा स्वतन्त्रताका लागि लडदाका उपलव्धिहरु के के भयो ?

च) ति घटनाका अभिलेख के के छन् ?

छ) स्वतन्त्र सेनानीमा लजडादाका सम्मान तथा प्रमाणपत्रहरु के के छन् ?

ज) तत्कालिन सरकारी कागजातहरुको अभिलेख ?

झ) प्रजातन्त्र प्राप्तिकालागी देश छोडी वाहीर बसेकोभए सो को अभिलेख ?

ञ) प्रजातन्त्र प्राप्तिकालागी गरेको योगदानको अन्य केहि अभिलेख भए ?

## परिच्छेद ४
## सेवा सुविधा

**५. महानगरपालिकाले दिने सेवा सुविधा सम्वन्धमा :**

क) विराटनगर महानगरपालिकाले तत् तत् आर्थिक वर्षमा नगर सभाबाट विनियोजित रकम चौमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा नगद रकम वडा कार्यालय मार्फत महानगरपालिकाले प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

ख) विराटनगर महानगरपालिकामा संचालित हस्पिटल, नर्सिङ्ग होमहरुमा सामाजिक उत्तरदायित्व अन्तरगत महानगरपालिकाले स्वतन्त्र सेनानी भनि पहिचान गरेका सम्मानीत नागरिकहरुलाई अत्यन्त न्युन रकममा सेवा प्रदान गराउने ।

ग) विराटनगर महानगरपालिका क्षेत्रभित्र संचालनमा आएका सवै प्रकारका सार्वजनिक यातायातका साधनहरुमा विशेष छुटको व्यवस्थापन गर्ने ।

घ) विराटनगर महानगरपालिकामा सेवा लिन आउदा वा कर तिर्न आउदा स्वतन्त्र सेनानीलाई लाईनमा बस्नु नपर्ने सिधै सेवा लिने/दिने व्यवस्था गर्ने ।

## परिच्छेद ५

## विविध

**६. निवेदन तथा फारमहरु :**

क) अनुसची-१ बमोजिमको निवेदन वडा कार्यालय मार्फत महानगरपालिकामा पेश गर्नुपर्ने ।

ख) अनुसची-२ बमोजिमको स्वतन्त्र सेनानीले भर्ने फारमको आधारमा वडा कार्यालयको सिफारिसमा महानगरपालिकाले निर्णय गरे बमोजिम हुने ।

## परिच्छेद ६
## अनुगमन तथा मुल्यांकन

**७. अनुगमन तथा मुल्यांकन :**

विराटनगर महानगरपालिकाले एक अनुगमन तथा मुल्यांकन समिति गठन गर्नेछ । गठित समितिले पहिचान भएका स्वतन्त्र सेनानीहरुलाई विराटनगर महानगरपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधाहरुको नियमित अनुगमन तथा मुल्यांकन गर्नेछ र अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन लिखित रुपमा अर्धवार्षिक तथा वार्षिक रुपमा पेश गर्नुपर्नेछ । अनुगमन तथा मुल्यांकनका आधारमा स्वतन्त्र सेनानीहरुको वार्षिक बजेट, नीति तथा कार्यक्रमहरु थप घट हुनेछ ।

अनुसूची-१

श्री विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्फत वडा कार्यालय वडा नं. ....
विराटनगर

मिति: .................

विषयक: **<u>प्रजानन्त्र सेनानीको विवरण पेश गरेको सम्वन्धमा ।</u>**

विराटनगर महानगरपालिकाले आर्थिक बर्ष २०७५□२०७६ को नगर सभाबाट प्रजातन्त्र सेनानीलाई मासिक भत्तादिने गरेको निर्णयका आधारमा मैलेपनी प्रजातन्त्र प्राप्तिका लागि २००७ सालको□कालागि योगदान पूर्याएको हुंदा उक्त अवधिमा पू□आएको योगदानको विवरण महानगरपालिकाले मागेको ढांचामा विवरण भरी यसै साथ पेश गरेको व्यहोरा अनुरोध छ ।

**भवदीय**

नाम:

ठेगाना: वडा नं........ टोलको नाम .......................................... सम्पर्क नं. ...................

हस्ताक्षर:

**निवेदकले पेश गरेको विवरण ठिकहो भनि वडा समितिको कार्यालयले गरेको सिफारिस**

जनप्रतिनिधिको नाम: ..................................................... वडा नं.....................

हस्ताक्षर: ................ ...... मिति: .............. कार्यालयको छाप

# विराटनगर महानगरपालिका

अनुसूची-२

# नगर कार्यपालिकाको कार्यालय

## २००७ सालको प्रजातन्त्र सेनानीले भर्ने फारम

| | | |
|---|---|---|
| नाम: | | वडा नं. |
| टोलको नाम: | | सम्पर्क नं.: |
| ना.प्र.नं.: | जारी स्थान: | जारि मिति |
| प्रजातन्त्र प्राप्तिका लागि २००७ सालको□कालागि योगदान पूर्याएको विवरण | | |

घटना १

| |
|---|
| कुन स्थानमा: |
| के गरेर: |
| कति अवधि सम्म |
| सो कार्यको नेतृत्व कर्ताको नाम |
| त्यो घटनाको उपलब्धि |
| हालमा सो को अभिलेख |
| सम्मान□प्रमाणपत्रको विवरण |

घटना २

| |
|---|
| कुन स्थानमा: |
| के गरेर: |
| कति अवधि सम्म |
| सो कार्यको नेतृत्व कर्ताको नाम |
| त्यो घटनाको उपलब्धि |
| हालमा सो को अभिलेख |
| सम्मान□प्रमाणपत्रको विवरण |

घटना ३

| |
|---|
| कुन स्थानमा: |
| के गरेर: |
| कति अवधि सम्म |
| सो कार्यको नेतृत्व कर्ताको नाम |
| त्यो घटनाको उपलब्धि |
| हालमा सो को अभिलेख |
| सम्मान□प्रमाणपत्रको विवरण |

थप अभिलेखहरु

| |
|---|
| तत्कालिन सरकारी कागजातहरुको अभिलेख: |
| प्रजातन्त्र प्राप्तिकालागी देश छोडी वाहीर बसेकोभए सो को अभिलेख: |
| प्रजातन्त्र प्राप्तिका लागी गरेको योगदानको अन्य केहि अभिलेख भए |

माथि उल्लेखित विवरण ठिकछ भनी निवेदकले गरेको हस्ताक्षर:

आज्ञाले,

एकदेव अधिकारी

प्रमुख प्रशासकीय अधिकृत